# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

**नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था**

केन्द्रीय कार्यालयः सुबिधानगर, तिनकुने, काठमाडौं, नेपाल
फोनः ४१११८२८, फ्याक्सः ४१११९०१३
इमेलः info@skbbl.com.np वेवसाइटः www.skbbl.com.np

## बोलकबोल (गोप्य शिल्बन्दी) द्वारा शेयर बिक्री गर्ने बारेको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मितिः २०७७/११/२८**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०७७/१२/१३**

यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको हकप्रद शेयर मिति २०७२/०८/२५ गते देखि २०७२/०९/३० गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा संस्थापक समूहतर्फ ३,३६८ कित्ता तथा सर्वसाधारण समूहतर्फ ९,०७४ कित्ताको लागि आवेदन नपरेकाले प्रचलित नियम कानून तथा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को निर्देशन नं. १५ मा उल्लेखित प्रावधानको अधिनमा रही उक्त शेयरहरु लिलाम बढाबढ गरी बिक्री गर्न यस लघुवित्त वित्तीय संस्थाको संचालक समितिको निर्णयानुसार सर्वसाधारण समूहको शेयर खरीद गर्ने हकमा इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले तथा संस्थापक समूहको शेयर खरीद गर्ने हकमा यस कम्पनीको प्रबन्धपत्रको दफा ७ मा भएको व्यवस्था बमोजिम संस्थापक समूह "क" को उपसमूह अन्तर्गतको इच्छुक संस्थापक साना किसान सहकारी संस्थाहरुले मात्र **मिति २०७७/१२/१३ गते अपरान्ह १:०० बजे** भित्र तल उल्लेखित संकलन केन्द्रहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थानहरुः |
|---|---|
| १. | नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं । |
| २. | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, शाखा कार्यालयहरु : बिर्तामोड, इटहरी, अत्तरिया, बनेपा, नेपालगञ्ज, हेटौंडा, बुटवल, गजुरी, पोखरा, बीरेन्द्रनगर र बर्दिबास |

### तपसिल

| लिलाम बढाबढद्वारा बिक्री गरिने धितोपत्रको विवरण : | |
|---|---|
| **बिद्यमान संस्थापकहरुको लागि मात्र बिक्री गर्नुपर्ने शेयर** | **: ३,३६८ कित्ता** |
| **सर्वसाधारणहरुको लागि बिक्री गर्नुपर्ने शेयर** | **: ९,०७४ कित्ता** |

१. बोलपत्र आवेदन फाराम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ । छाप नलगाएको आवेदन फारामलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु. १००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्ने छ । एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरीदको लागि भिन्दाभिन्दै शिलबन्दी खामभित्र आवेदन दिन सक्नेछ । लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरुको नामबाट आवेदन गर्दा आफ्नो आधिकारीक पत्र मार्फत तोकिए अनुरुपको सूची बनाई सम्पूर्ण आवेदकहरुको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटा चेक मार्फत पेश गर्न सक्नेछ । कबोल गर्ने दर दशमलव पछिको दुई अंक मात्र मान्य हुनेछ ।

३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर, आफ्नो खाता रहेको बैंकको नाम र खाता नं. तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

५. बोलपत्र पेश गर्दा न्यूनतम १०० कित्ता वा सो भन्दा बढीको लागि १० अंकले भाग जाने संख्यामा आवेदन दिनु पर्नेछ । १० अंकको भागाले आवेदन गर्नुपर्ने भएता पनि संस्थापक समूहको हकमा अधितकम आवेदन गर्ने आवेदकले पूर्ण ३,३६८ कित्ता र सर्वसाधारण समूहको हकमा पूर्ण ९,०७४ कित्ताका लागि आवेदन दिन सकिनेछ । हाल कायम रहेको शेयर र आवेदन गरेको शेयर समेत गरी नेपाल राष्ट्र बैंकले तोकेको अधिकत्तम सिमासम्म मात्र आवेदन दिन सकिनेछ । रु.५ लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ ।

६. संस्थापक समूह "क" को उपसमूह अन्तर्गतका संस्थापक साना किसान सहकारी संस्थाहरुले मात्र संस्थापक शेयरका लागि आवेदन दिन पाउने व्यवस्था अनुसार आफू संस्थापक समूह "क" को उपसमूह अन्तर्गतको संस्थापक शेयरधनी रहेको भनि निष्काशन कम्पनीबाट प्रमाणित कपी समेत शिलबन्दी खाम भित्र समावेश गर्नुपर्नेछ ।

७. शेयर आवेदन फाराम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको हुन आउने सम्पूर्ण रकम बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको बैंक अफ काठमाण्डू लिमिटेड, नक्साल शाखामा रहेको बैंक खाता नं. **०६५९००००००१४५२४** मा Fund transfer (IPS वा RTGS वा अन्य विद्युतिय माध्यम) बाट बुझाएको खण्डमा सो को Transaction Copy को प्रति वा नगद जम्मा गरिएको भए भौचरको सक्कल प्रति संग्लन गर्नुपर्नेछ । साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको Good For Payment गरिएको A/C Payee Cheque वा Manager's Cheque संलग्न गर्नुपर्नेछ । सो नभएको चेकलाई मान्यता दिईने छैन । साथै Good For Payment गर्दा लाग्ने शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ तथा चेक क्लियरिङ्ग शुल्क बापतको रकम बोलपत्र आवेदन फारामका साथ अनिवार्य बुझाउनु पर्नेछ ।

८. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था हुनु पर्नेछ । आवेदकले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ । नावालकको हकमा संरक्षकको नागरिकता र आवेदकको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ । बोलपत्र आवेदक संगठित संस्था, फर्म वा कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, प्यान नं., कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय संलग्न गर्नुपर्नेछ ।

९. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर संस्थापक समूहको शेयरको लागि आवेदन गर्दा "**साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख गर्नुपर्नेछ र सर्वसाधारण समूहको शेयरको लागि आवेदन गर्दा "**साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको सर्वसाधारण शेयर खरीद आवेदन**" उल्लेख गर्नुपर्नेछ ।

१०. बोलपत्र मिति २०७७/१२/१३ गते अपरान्ह १.०० बजेभित्र यस निष्काशनका लागि तोकिएको संकलन केन्द्रहरुमा दर्ता भई सक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन ।

११. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

१२. प्राप्त बोलपत्रहरु सम्पूर्ण तोकिएका संकलन केन्द्रहरुबाट निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा संकलन भए पश्चात् बोलपत्र खोलिने मिति, समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् खोलिनेछ ।

१३. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदन फारामहरु कुरियर मार्फत पठाउनु पर्ने भएकाले कुनै कारणवश काबु बाहिरको परिस्थिति सृजना भई निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा समयमा पठाउन नसकेमा वा समयमा प्राप्त हुन नसकेमा वा बिचमा नै नष्ट हुन गएमा नियामक निकायको राय सुझाव लिएर मात्र लिलाम बढाबढको आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

१४. प्राप्त बोलपत्रहरुको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरुमध्ये सबैभन्दा बढी मुल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बाँडफाँट गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँट गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरु पर्न गई बाँडफाँट हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रुपमा शेयर बाँडफाँट गरिनेछ ।

१५. बोलपत्र आवेदनहरु मध्ये बाँडफाँटमा नपरेका आवेदकहरुको बोलकबोल बापत जम्मा भएको रकम धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा तोकिएको समयावधी भित्रमा IPS मार्फत आवेदकहरुको बैक खातामा सोझै फिर्ता भुक्तानी गर्ने व्यवस्था गरिनेछ । साथै यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

१६. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित योग्य आवेदकलाई बाँडफाँड गरी बाँकी रहेको शेयर पुनः लिलाम बढाबढ गरी बिक्री गरिनेछ ।

१७. माथि उल्लेखित शर्तहरुमा जे सुकै कुरा लेखिएको भएता पनि प्राप्त बोलपत्रहरु खोलि वा नखोलि, कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस लघुवित्त वित्तीय संस्थामा निहित रहनेछ ।

१८. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website: www. nabilinvest.com.np मा हेर्न सक्नुहुनेछ ।

**बिक्री प्रबन्धकः**

**NABIL® INVESTMENT BANKING LTD.**

**(A Subsidiary of Nabil Bank Ltd.)**

**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np